| | |
|---|---|
| **भाग २** | **वन डढेलो नियन्त्रण गर्न प्रयोग हुने प्रविधि तथा रणनीतिहरु** |
| **सेसन १.१** | वन डढेलो नियन्त्रणको गतिविधिहरुको तयारी |
| **सेसन १.१** | वन डढेलो नियन्त्रण |

## यस अध्यायको बारेमाः

यो अध्यायले ग्रामीण क्षेत्रका वनमा लागेको डढेलो नियन्त्रण र निर्धारित आगो लगाउने कार्यमा खटिएका व्यक्तिहरूले प्रयोग गर्ने प्रविधि तथा रणनीतिहरु बारेमा वर्णन गर्दछ ।

यो अध्याय कुनै पनि क्षेत्र जस्तै : वन जंगल, झाडी तथा बुट्यान वा घासेमैदान आदि क्षेत्रमा लागू गर्न सकिने गरी तयार पारिएको छ ।

यो अध्याय मुख्यत अग्नि सेवा, कृषि, वन डढेलो, संरक्षण, खर तथा घासेमैदान व्यवस्थापन र मनोरञ्जन प्रर्बधनमा जो पूर्ण वा अंशकालिन या स्वैच्छिक आधारमा काम गर्ने व्यक्तिहरूलाई लक्षित गरी तयार पारिएको छ।

**यो अध्याय प्राप्ति वा बुझ्नको लागि निम्न विषयमा सक्षम हुन जरुरी छ,**

- आगोको स्वभावको व्याख्या र कार्यस्थल वा स्थानीय क्षेत्रमा प्रयोग हुने उपयुक्त प्रविधि तथा रणनीति
- संस्थागत वा संगठनात्मक डढेलो कार्य प्रणालीका प्रक्रियाहरू अपनाउने वा पछ्याउने
- अग्नि कार्य स्थलमा सुरक्षित साथ सञ्चालित हुने
- अग्नि कार्यस्थलमा सञ्चालित भएका लाई चाहिने आवश्यक सहयोग प्रदान गर्ने
- संगठनात्मक प्रक्रियाको अधिनमा रहि डढेलोसंग सम्बन्धित धट्नामा उचित प्रतिकृया दिन

| मुल शब्दहरु र वाक्यांशहरु: | **तपाइँका लागि अध्यायको सामग्री पूर्णतया बुझ्न यहाँ प्रयोग हुने महत्त्वपूर्ण शब्दावलीको बारे जान्न जरुरी हुन्छ। यहाँ दिइएका परिभाषाहरू पछि आउने अध्यायमा सहयोग गर्न सक्दछ ।** |
|---|---|
| **खाडी** | आगाको टाउको वा अग्रभागको क्षेत्र, आगोको औंलाहरु बिच, जहा तिनै तर्फबाट आगो बलिरहेको हुन्छ |
| **नियन्त्रण रेखा** | सबै मानव निर्मीत वा प्राकृतिक बाधा वा उपचार गरिसकिएको अग्नि किनारहरु जसले आगो नियन्त्रण गर्न मदत गर्दछ |
| **छत्र डढेलो** | सतहि आगोको संयोजनमा, रुखको माथिल्लो भाग वा छत्रमा रहेको ज्वलनशिल वस्तुलाई पूर्ण वा आंशीक रुपमा जलाई नष्ट गर्दै फैलने प्रकृतीको डढेलो |
| **प्रत्यक्ष आक्रमण** | वन डढेलो नियन्त्रणमा प्रत्यक्ष रुपमा लागु गरिने कार्य वा गतिविधि |
| **गाला** | आगोको दाँया बाँया वा छेउको भाग |
| **औला** | संर्कीण रुपमा फैलिएको आगो जुन गाला र अग्रभाग भन्दा फरक रुपमा विस्तार भएको हुन्छ |
| **डढेलोको व्यवहार वा स्वभाव** | डढेलोको तीव्रता र फैलने दरको आधारमा रहि डढेलोले इन्धन, मौसम र स्थलगत क्षेत्र (टोपोग्राफी)मा देखाउने प्रकिया |
| **डढेलोको खतरा** | आगोको व्यवहारबाट व्यक्ति वा सम्पत्तिमा हुने सम्भावित जोखिमको खतरा |
| **डढेलोको मौसम** | आगो बलीरहेको समयमा पूर्वानुमान वा भविष्यवाणी गरिएको जलवायुको आवरण अवस्था वा परिस्थिति, जुन विशेष गरी वायु, हावाको ताँपक्रम, सापेक्षित आर्द्रतामा निर्भर हुन्छ |
| **डढेलोको परिधि** | आगोको सम्पूर्ण बाहिरी किनारा |
| **डढेलोको जोखिम** | डढेलो लाग्न वा सुरू हुन सक्ने सम्भावना |
| **इन्धन** | वनस्पतिको प्रकार, व्यवस्था, वितरण, र चिस्यानको मात्रा । जमीन (पट, जरा), सतह (पत्कर, घाँस, झाडी) वा हवाई (रूख) ईन्धन हुन सक्छन |
| **आगोको तीव्रता** | ऊर्जा उत्पन्नको दर जहाँ अग्नि माथि तिर यात्रा गर्दछ, र प्राय जस्तो लम्बाई संग जोडिएको हुन्छ |
| **अग्नि समर्थन कार्यालय** | डिभिजन वन कार्यालय, स्थानिय र प्रादेशिक कार्यालयहरु, वा सुरक्षा निकाय जहाँ अग्नि नियन्त्रण प्रयासको लागि सेवा सहयोगको व्यवस्था गरिएको हुन्छ |
| **डढेलोको प्रकार** | सतही डढेलो, भुइँ वा जमिन डढेलो र छत्र डढेलोहरू सबैभन्दा सामान्य प्रकारका हुन्छन |
| **ज्वालाको लम्बाई** | डढेलोको तिव्रताको सुचक जहाँ ज्वालाको टुप्पो र फेद भाग (प्राय जसो जमिन सतहको) विचको दुरी |
| **फ्लैंकिंग (गाला आक्रमण)** | समान्य रुपको प्रत्यक्ष आक्रमणको रणनीति जहाँबाट नियंत्रणको गतिविधि शुरू हुन्छ र विस्तारै फ्लैंकि हुदै टुप्पो सम्म जानुपर्दछ । |
| **भुई डढेलो** | जमिनको सतहलाई ढाकेर रहेका झारपातहरुको तहका साथसाथै स साना बोटविरुवा र जमिन सतह संगै मिसिएर रहेका दहनशील पाङ्गारिक पद्धार्थहरुमा समेत लाग्ने आगो |
| **शिर अग्रभाग** | आगोको अगाडीको भाग जस्ले आगोको प्रसार उच्च रुपमा दर्शाउछ |
| **खाडी** | आगाको टाउको वा अग्रभागको क्षेत्र, आगोको औंलाहरु बिच, जहा तिनै तर्फबाट आगो बलिरहेको हुन्छ |
| **अप्रत्यक्ष आक्रमण** | अग्नि नियन्त्रणको एक प्रकार जहाँ आगोको किनारा भन्दाटाढै रही बाट नियन्त्रण गरिन्छ, जस्तै 'आगो बिरुध्ध आगोको प्रयोग' |

| | |
|---|---|
| LACES | Lookout (हेर्ने), Awareness (सचेतना), Communications (संचार), Scape Route (भाग्ने मार्ग) र Safety Zone (सुरक्षा क्षेत्र) |
| **उत्पत्ति** | आगो लाग्न शुरु भएको स्थान |
| **फैलने गतिको दर** | आगोको गति जहाँ आगोको शिर तिर फैलिरहेको हुन्छ |
| **भुतभूते आगो** | यस्तो आगो जो ज्वाला बिना नै कुनै ठोस वस्तुमा बिस्तारै सल्किदै अधि बढ्दछ |
| **उफ्रेको आगो** | मुख्य आगो भन्दा केहि टाडा नयाँ ठाँउमा हावाको सहयोगमा झिल्काको माध्यमबाट उत्पन्न भई सल्किएको आगो |
| **सतह डढेलो** | सतहमा रहेका झारपात र स साना वनस्पती तथा झाडीलाई समेत डढाउदै फैलने आगो |
| **भू वनोट** | भौगोलिक अवस्था जस्तै भिरालोपन, मोहडा |
| **अनियन्त्रित डढेलो** | यस्तो डढेलो जुन नियन्त्रण गर्न गाह्रो हुन्छ |

## सेसन :१.१ वन डढेलो नियन्त्रणको लागि तयारी गर्नुहोस

**तपाईंले के गर्न सक्नु पर्छ ?**

१. स्थानीय स्थितिलाई मध्यनजर गरी, डढेलो लागेको स्थान र त्यस स्थानमा पुग्नसक्ने सबैभन्दा प्रभावकारी बाटो पहिलाउने वा पहिचान गर्ने

२. प्रस्थान गर्नु अघि सुरक्षात्मक कपडा र उपकरण, खाना तथा झोलिय पदार्थको आवश्यकताको पहिचान गर्ने

३. आफ्नो स्थानिय क्षेत्रमा लागेको डढेलोको व्यवहार वा स्वभाव र डढेलाको वातावरण संगको गठबन्धनको प्रभावको पूर्वानुमान गर्ने

४. डढेलाको वातावरणको मूल्याङकन गरी, टोली नेता वा पर्यवेक्षकलाई डढेलो सम्बन्धि सूचना प्रवाह गर्ने

५. आफ्नो भूमिका पहिचान गरी संस्थागत वा संगठनात्मक डढेलोको कार्य प्रणालीको प्रक्रियाहरू अपनाउने

६. डढेलो निभाउने प्रकियामा आफ्नो संगठन, अग्नि नियन्त्रण दस्ता, वारुण सेवा तथा अन्य डढेलो संग संम्बन्धित निकायको पहिचान गर्ने

७. सुरक्षित तरिकाले डढेलो तर्फ बढ्ने

८. डढेलो नियन्त्रण प्रश्चात प्रयोग भएका श्रोतहरु फिर्ता ल्याई सुरक्षित राख्ने, तत्काल मर्मत संभार तथा कुनै पनि दोष वा कमीहरुको रिपोर्ट गर्ने

**यो सेसनले निम्न कुराहरु समावेश गर्दछ**

**क) डढेलोको प्रकार,**

१. भुई

२. सतह

३. छत्र

**ख) मुख्य डढेलो सगं संम्बन्धित सूचना**

१. डढेलो लागेको स्थान (क्षेत्र,नक्शा संकेत)

२. डढेलोको आकार (सानो, मध्यम र ठुलो)

३. ज्वलनशिल वस्तुको प्रकार (घाँस, बाली, बट्यान, वन तथा जमिन भित्रका जरा)

४. डढेलोको प्रकार (भुई, सतह, छत्र)

५. डढेलोको स्वभाव (फैलने गति वा दर, ज्वालाको लम्बाई)

६. डढेलो लागेको स्थानमा पुग्नसक्ने सहजता, पौचता वा सबैभन्दा प्रभावकारी बाटो



७. पानीको मुहान वा श्रोत

८. डढेलो बाट जोखिम धनजन

**ग) डढेलोको स्वभावमा प्रभाव पार्ने मूल तत्व**

१. हावा

२. भिरालोपन

३. ज्वलनशिल वस्तु

४. मोहडा

**तपाई लाई थाहा हुनु पर्ने र बुझ्नु पर्ने कुराहरु**

१. डढेलोको वातावरण र अवलोकन बाट संकलन गर्नसकिने सम्पूर्ण डढेलोको स्वभाव संग सम्बन्धित सुचनाहरु जस्तैः ज्वालाको लम्बाई, धुवा, हावा, ज्वलनशिल वस्तु, मोहडा, भिरालोपन: डढेलो र डढेलोको वातावरणलाई अवलोकन गरि संकलन गर्न सकिने डढेलो र डढेलोको स्वभाव सम्बन्धि जानकारी जस्तैः ज्वालाको लम्बाई, धुवा, हावा, ईन्धन, मोहडा र भू वनोट

२. डढेलोको स्वभाव संग सम्बन्धित सुचनाहरुको तर्किक ढंगल मूल्याङकन, आकलन र विशलेषण कसरी गर्ने

३. डढेलोको स्वभावमा प्रभाव पार्ने ज्वलनशिल वस्तुको प्रकार जस्तैः घाँस, बाली, बट्यान, वन तथा जमिन भित्रका जरा
४. डढेलोको स्वभावमा प्रभाव पार्ने विभिन्न ज्वलनशिल वस्तुहरुको विशेषताहरु जस्तैः प्रकार, आकार, तह वा वितरण, मात्रा, नमी
५. डढेलोको स्वभावमा मौसमले पार्ने प्रभाव जस्तैः हावाको गति र दिशा, हावाको तापक्रम, सापेक्षित आर्द्रता, वर्षा, दिन र राँतमा भिन्नाता
६. भू वनोटको प्रभाव जस्तैः भिरालोपन, उचाई, मोहडा, जमिनको आकार, गल्ली र फैलावटमा बाधा
७. संकेत र संञ्चालन प्रकृया सहित आफ्नो संस्थाको डढेलोको योजना र नक्शा
८. प्रासंगिक कानून संग संम्बन्धित आफ्नो गतिविधिहरु प्रभावकारीता
९. वारुण सेवाको प्राथमिक भूमिका र टोली नेता वा घट्ना कमाण्डरको पहिचान कसरी गर्ने

## सेसन : १.२ वन डढेलो नियन्त्रण

**तपाईंले के गर्न सक्नु हुन्छ?**

१. संगठनात्मक नीति र प्रक्रिया अनुसार, प्रत्येक उपकरणले आगोको स्वभावलाई थेगन सक्ने स्वीकार्य दायरा र उपलब्ध उपकरणहरुको प्रयोगबाट डढेलो निभाउने
२. उद्धेश्य प्राप्तिका निमित गतिशिल जोखिम मूल्यांकन द्धारा तपाई आफ्नो, टोली सदस्य र स्थानिय व्यक्तिहरुको जोखिम धटाउने
३. डढेलोको बिकाश र स्वभाव, मौसम, ज्वलनशिल वस्तु वा ईन्धन, भू वनोटमा भएको परिवर्तनको अवलोकन गरि पर्यवेक्षकलाई वा टोली नेतालाई रिपोट गर्ने
४. आगोको स्थान, स्वभाव र आफ्नो टोली सदस्य प्रती सधै भरी सावधान हुनु
५. सुरक्षित क्षेत्र तर्फ भाग्ने बाटोमा सधै भरी सावधान र अवगत रहनुहोस
६. टोली सदस्य र पर्यवेक्षक वा टोली नेता संग संचार कायम राख्नुहोस
७. डढेलो नियन्त्रणका गतिविधिहरु सकिए पछि ब्रिफिङमा योगदान गनुहोस

## यो सेसन वा सामग्रीले निम्न कुरा समावेश गर्दछ

**क) डढेलो नियन्त्रण गर्ने चरण**

१. नक डाउन
२. कन्टेनमेन्ट
३. मोप अप र पट्रोल वा गस्ती

**ख) डढेलो नियन्त्रण रणनीति**

१. आक्रमक र रक्षात्मक

२. प्रत्यक्षय वा गाला बाट आक्रमण

३. समानांतर र अप्रत्यक्ष आक्रमण

४. संयोजन आक्रमण

**ग) डढेलो निभाउने तरिका**

१. अक्सिजन वा प्राण वायु हटाउने

२. ताप वा आगोको श्रोत हटाउने

३. ईन्धन वा ज्वलनशिल वस्तु हटाउने

**घ) नियन्त्रण रेखाको निर्माण**

१. किनाराको बिन्दु

२. रेखाको प्रकार

**सेसन :१.२ कमश :**

**तपाई लाई थाहा हुनु पर्ने र बुझ्नु पर्ने कुराहरु**

१. व्यक्तिगत सुरक्षाको साथसाथै मूल्य र सम्पति लाई पनि प्राथमिकता दिनुहोस, जुन तपाइँ सुरक्षित गर्न खोज्दै हुनुहुन्छ

२. वरिपरी हेर्नुपर्नेको भूमिका, डढेलोको स्थितिको वारेमा जानकार हुनुको महत्व र टोलीका सदस्यहरू र  पर्यवेक्षक सँग कुराकानी गर्न सक्षम हुनुर्पछ । साथै तपाईंको भाग्ने मार्ग कहाँ हो र कसरी सुरक्षित स्थानसम्म जाने भन्ने बारे जानकार हुनुपर्छ ।

३. अग्नि त्रिभुज र विभिन्न प्रकारका वनस्पतिको उपकरणको प्रयोग गरि डढेलो निभाउने तरिका

४. विभिन्न उपकरण, जुक्ति र रणनीति जसले ज्वालाको लम्बाईको दायरा संग सामना गर्न सक्छ

५. विभिन्न परिस्थितिमा लागु हुने प्रयोग गरिने प्रविधि र विभिन्न अग्नि नियन्त्रण उपकरणको दक्षता र सुरक्षा

६. वाहन, ट्रयाक्टर, डोजर, हेलीकाप्टर र विमानहरूको वरिपरि रहेर सुरक्षित साथ कसरी काम गर्ने

७. विभिन्न इलाका वा भू वनोटमा नियन्त्रण रेखाको स्थानान्तरण, तिनका आधारभूत सिद्धान्त र निर्माण विधि नियन्त्रण रेखाको आधारभूत सिद्धान्त, निर्माण विधि र विभिन्न इलाका वा भू वनोटमा स्थानान्तरण

८. विभिन्न प्रकारका उपकरण, प्रविधि र रणनीतिका साथ संयुक्त आक्रमणमा एकढिक्का भएर समुहमा कसरी काम गर्ने

## अस्विकरण

यो अस्वीकरण तपाईंको वेब साइट को प्रयोग गर्दछ र यस वेब साइट को उपयोग गरेर तपाईंलाई यस अस्वीकरणलाई पूर्ण रूपमा स्वीकार गर्नुपर्नेछ। कृपया ध्यान दिनुहोस् कि यस वेब साइटमा बिना सूचना जानकारी परिवर्तन हुन सक्छ । The Global Fire Monitoring Center, The International Association of Fire and Rescue Services and Rural Development Initiatives Ltd (together the "EuroFire Partners") र यो होस्ट वेब साइट संग जडान, ब्राउजिङ, जानकारीको प्रयोगमा निहित, र यस वेबबाट कुनै पनि सामग्री डाउनलोड गरेमा कुनै जिम्मेवारी स्वीकार गर्ने छैन र सबै दायित्व (कानून द्वारा अनुमति दिइएको अधिकतम हदसम्म) मा बहिष्कृत गर्नसक्नेछ। यो वेब साइटमा रहेको जानकारीहरु कानुनी वा व्यावसायिक सल्लाह अनुरुप छैन। यो वेब साइटमा समाहित सामग्री सामान्य जानकारी प्रयोजनका लागि मात्र प्रदान गरिन्छ र कुनै पनि सूचना वा सामग्रीको आधार बनाउँदैन जुन एक विशिष्ट उद्देश्यका लागि निर्भर हुनुपर्दछ, । EuroFire Partner र यो वेब साइटले कुनै पनि जानकारी वा कथन को पूर्णता वा शुद्धता को लागी जिम्मेवारी स्वीकार गर्दैन र वेब साइट वा कुनै पनि हानिकारक वा क्षतिको लागि जुनसुकै निर्भरताबाट उत्पन्न हुन सक्छ, चाहे कुनैपनि हानि प्रत्यक्ष, अप्रत्यक्ष वा परिणाममुलक हुनसक्छ। यो वेब साइटको सामग्रीमा निर्भर हुनुहुदैन र तपाईले आफ्नो सम्बन्धित अधिकार प्राप्त क्षेत्रको उचित व्यक्तिको सल्लाह विना यो जानकारीको प्रयोग नगर्नुहुन अनुरोध छ। विशिष्ट अस्वीकरणहरू यो निश्चित सामग्रीको साथ वा यस वेब साइटको केही भागमा यस अस्वीकरणको अलावा लागू हुन सक्छ। केहि सामग्री वा यस वेब साइटको भागहरुमा यी पृष्ठहरूबाट अन्य वेब साइटहरूमा लिङ्कहरू जानकारीका लागि मात्र हुन रकेवल र EuroFire Partners र यस वेब साइटले दिइएको पहुँच, वा सामाग्री यो वेब साइटमा लिंक गरिएको छ त्यसको कुनै जिम्मेवारी वा दायित्व स्वीकार गर्दैन र जरूरी छैन कि तिनीहरूमा व्यक्त गरिएका विचारहरूलाई समर्थन गर्छ। यस वेब साइटमा जानकारी प्रतिक्रिया समावेश गरेको छ तर जरुरी छैन कि त्यो सबै EuroFire Partners वा अन्य साझेदारी संस्थाको होस। यस साइटमा सबै सामग्रीहरू प्रतिलिपि अधिकार र बौद्धिक सम्पत्ति कानुनद्वारा सुरक्षित छन् र जबसम्म स्पष्ट रूपमा उल्लेखित वा अन्यथा लेखनमा सहमति भएको छ र तपाईंले सामाग्री पहुँच र डाउनलोड गर्न सक्नुहुन्छ। यो वेब साइट मात्र व्यक्तिगत, गैर व्यावसायिक उपयोगको लागि हो।

The EuroFire Partners ले यो वारेंटं गर्दैनन् कि यस वेब साइटमा उपलब्ध सामाग्री त्रुटिरहित हुनेछ वा दोषहरू सच्याइएको हुनेछ, वा त्यो सर्भरले यो वेब साइट उपलब्ध गराउने सर्भर भाइरस रहित छ। तपाईंले आफै हेर्नु पर्छ र भाइरस जाँचहरू लागू गर्न तपाईंको स्वयंको जिम्मेवारी हो। यस वेब साइटको जानकारी र अन्य सामग्रीहरू स्कटल्याण्डका नियमहरूसँग पालन गरी डिजाइन गरिएको छ। यो वेब साइट स्कटल्याण्डको कानुन अनुसार प्रशासित र यस वेब साइट को सबै प्रयोगकर्ताहरु लाई अपरदर्शी रूपमा स्कटिश अदालतको अधिकार क्षेत्रलाई बुझाउँदछ जुन कुनै वेबसाईट वा यस वेब साइटको साथ जोडिएको कुनै पनि दावी वा अन्य क्रियाकलापको सन्दर्भ गर्दछ। हाम्रो सेवा वा यस साइटमा उत्पादित कुनै पनि जानकारी यदि कुनै पनि अन्य देशमा लागु गरिएको कानुनी कानूनको बिरुद्ध यस वेब साइटको कुनै पनि चीज हो भने, यो वेब साइट त्यस देशका व्यक्तिहरूले पहुँच गर्न नसक्ने र यस्तो कानुनी अधीनमा रहेका व्यक्तिहरू यसको प्रयोग गर्न योग्य हुदैनन्।



EuroFire is being funded with support from the European Commission. The information presented here reflects the views only of the author and the Commission cannot be held responsible for any use wihich may be made of the information contained therein.